नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

## आर्थिक प्रशासन शाखा

फोन नं.
४२००२८१
४२००४०४
सिंहदरबार, काठमाण्डौ

पत्र संख्या:- २०७५/७६

चलानी नम्बर:- २२८

मिति:- २०७५।०६।१५

*विषय:- लेखापरीक्षकहरुको सूचीकृत सम्बन्धमा ।*

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) को पत्र संख्या २०७५।७६ च.नं. १०२ मिति २०७५।०५।०४ को पत्रानुसार देशका विभिन्न नगरपालिकाबाट विभिन्न मितिमा राष्ट्रिय दैनिक पत्रिकाहरुमा लेखापरीक्षकहरुलाई सूचिकृत हुनका लागि प्रत्येक स्थानीय तहमा लेखा व्यवसायको दर्ता हुनुपर्ने जानकारी सहितको सार्वजनिक सूचनाले यस संस्थाको गम्भिर ध्यानाकर्षण भएको भनी पत्र प्राप्त हुन आएको र यसै प्रसंगमा मन्त्रालयबाट मिति २०६७।०६।१७ मा लेखापरीक्षणको लागि सूचिकृत गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकान्टेन्ट्स ऐन, २०५३ अनुसार लेखापरीक्षकहरुको नियमन गर्ने निकाय नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्था (ICAN) मार्फत गर्ने भनी निर्देशन/परिपत्र समेत भैसकेको अवस्थामा प्रत्येक स्थानीय तहहरुले सूचिकृतको लागि छुट्टाछुट्टै सूचना प्रकाशित गर्दा एकरुपता नहुने र खर्चिलो समेत हुन जाने भएकोले नेपाल चार्टर्ड एकान्टेन्ट्स संस्था (ICAN) मा आवद्ध भएका लेखापरीक्षकहरुबाट सूचिकृत भएकासँग मात्र आफ्ना क्षेत्र भित्रका स्थानीय तह अन्तर्गतका संगठित संस्थाहरुको लेखापरीक्षण प्रकृया अगाडी बढाउन नेपाल सरकार (सचिवस्तर) को मिति २०७५।०६।१४ को निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध छ

६।१५
अर्जुन प्रसाद पौडेल
उप सचिव (लेखा)

**बोधार्थ:-**

श्री नेपाल चार्टर्ड एकाउन्टेन्टस संस्था, (ICAN)
सातदोबाटो, ललितपुर ।

श्री सूचना तथा विद्युतीय सुशासन शाखा
सिंहदरबार, काठमाण्डौ - Website मा राखिदिनु हुन अनुरोध छ ।